आज मिति २०८०।४।२५ गतेका दिन यस शान्ती सोतीरु गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेलज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसि निर्णय गरियो।

उपस्थित

| | | |
|---|---|---|
| १. श्री तप्त बहादुर पौडेल | - गा.पा. अध्यक्ष | |
| २. श्री मनिषा सिंह थापा | - गा.पा. उपा- ॥ | |
| ३. श्री यम बहादुर खड्का | - १ नं. वडा अध्यक्ष | |
| ४. श्री ज्ञानेन्द्रराज बली | - २ नं. —॥— | |
| ५. श्री मितकुमार थापा | - ३ नं. —॥— | |
| ६. श्री मितराज खड्का | - ४ नं —॥— | |
| ७. श्री झगड थापा | - ५ नं. —॥— | |
| ८. श्री लवराज खरेल | - ६ नं. —॥— | |
| ९. श्री रामलखन थापा | - ७ नं. —॥— | |
| १०. श्री शालिकराम डाँगी | - ८ नं —॥— | |
| ११. श्री सोहनलाल थापा | - ९ नं. —॥— | |
| १२. श्री राधिका सुनार | - कार्यपालिका सदस्य | |
| १३. श्री यमकुमारी बली | - —॥— | |
| १४. श्री गौत्रा कुमारी डाँगी | - —॥— | |
| १५. श्री सुमित्रा थापा | - —॥— | |
| १६. श्री शान बहादुर वि.क | - —॥— | |
| १७. श्री केशव दमाई | - —॥— | |
| १८ श्री ओमप्रकाश देवकोटा | - सचिव | |

सहयोगी कर्मचारी

१. श्री जनार्दन पौडेल - सू.प्र.अ.
२. श्री नारायण प्र. शर्मा - नि.पु.

कार्यपालिका बैठक संख्या नं. २८

मिति २०८०/०४/२५ गते

**प्रस्तावहरु:**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कार्यविधि तथा मापदण्ड स्वीकृत सम्बन्धमा।
३. सैद्धान्तिक सहमति सम्बन्धमा।
४. वन पैदावर/जडीबुटी/कवाडी/जीवजन्तुमा कर लगाउने सम्बन्धमा।
५. विपद् व्यवस्थापन कोष खाता सञ्चालन सम्बन्धमा।
६. कर्मचारी कल्याण कोष खाता सञ्चालन सम्बन्धमा।
७. सञ्जु चौधरी अक्षय कोष खाता सञ्चालन सम्बन्धमा।
८. धरौटी रकमबाट सापटी दिने सम्बन्धमा।
९. चिकित्सक माग सम्बन्धमा।
१०. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा।
११. संस्थाहरुलाई कार्य अनुमति दिने सम्बन्धमा।
१२. प्रस्तावना पेश गर्ने सम्बन्धमा।
१३. विविध।
    (क) आर्थिक सहायता सम्बन्धमा।
    (ख) रोलर पठाउने सम्बन्धमा।
    (ग) नागरिक आरोग्यका लागि कर्मचारी माग सम्बन्धमा।
    (घ) नाकाहरुमा सि सि क्यामेरा जडान सम्बन्धमा।
    (ङ) ढकेरी प्रहरी चौकी स्थापना सम्बन्धमा।
    (च) औषधी खरिद सम्बन्धमा।
    (छ) धानवालीमा लागेको रोग निदान र नियन्त्रण सम्बन्धमा।

प्रमाणित

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

राप्ती सोनारी गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयहरु कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिका बैठकबाटछलफलका लागि विधायन समितिमा पठाईएका तपसीलका नीति, नियमावली तथा कार्यविधि विधायन समितिबाट प्राप्त राय अनुसार स्वीकृत गर्ने निर्णय गरियो।

**तपसील**

(१) छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका ,२०८०
(२) विपन्न नागरिक स्वास्थ्य वीमा कार्यविधि, २०७९
(३) राप्ती सोनारी गाउँपालिकाको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०८०
(४) छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८०
(५) मानवीय सहायतार्थ नगद सहायता (सञ्चालन) कार्यविधि, २०८०
(६) करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०
(७) विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८०
(८) बाढी पूर्वकार्य कार्ययोजना, २०८०

साथै तपसीलमा उल्लेखित नियमावली तथा कार्यविधि अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधायन समितिमा छलफलका लागि पठाउने निर्णय गरियो।

(१) गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली, २०८०
(२) गाउँ कार्यपालिका कार्य विभाजन नियमावली, २०८०
(३) बजार अनुगमन निर्देशिका ,२०८०
(४) किसान परिचय पत्र वितरण कार्यविधि, २०८०
(५) गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०८०
(६) टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८०
(७) मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण (गठन तथा परिचालन) कार्यविधि, २०८०

प्रमाणित
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३**

राप्ती सोनारी गाँउपालिको विकास योजना व्यवस्थापन र न्यायिक समितिको काम कारवाहीलाई व्यवस्थित, गुणस्तरीय र परिणाममुखी बनाउन तपसीलका कार्यहरु गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो।

(१) औधोगिक ग्रामको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी, राप्ती सोनारी- ४
(२) नेपाल रेडक्रस सोसाइटी कचनापुर उपशाखा भवनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी, राप्ती सोनारी- ८
(३) योजना शाखाको काम कारवाहीलाई सहजीकरण गर्ने विद्युतीय सफ्टवेयर Install
(४) न्यायिक समितिको काम कारवाहीलाई व्यवस्थित गर्ने विद्युतीय सफ्टवेयर Install
(५) किसान परिचय पत्र वितरणको अभिलेख व्यवस्थित गर्ने विद्युतीय सफ्टवेयर Install

**निर्णय नं. ४**

यस गाउँपालिकाबाट बाहिर निकासी हुने वन पैदावर, जडीबुटी, कवाडी र जीवजन्तुमा कर लगाउने सम्बन्धमा यस गाउँपालिकाको राजश्व सुधार कार्ययोजना, २०७७ को आधारमा यस आ. व. २०८०/८१ को आर्थिक ऐनमा व्यवस्था भए बमोजिम मूल्य अभिवृद्दि कर बाहेक रु. ३ लाखमा ठेक्का आव्हान गर्ने साथै कबोल अंक बराबरको रकम एकमुष्ठ दाखिला गर्ने ठेकेदारलाई १० प्रतिशत छुट गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८० को दफा १० बमोजिम यस गाउँपालिकाको विपद् व्यवस्थापन कोषको खाता गाउँपालिका हाता भित्र रहेको हिमालयन बैंकमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा र लेखा अधिकृत श्री गौरव कुमार लामिछानेको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी खोल्ने निर्णय गरियो।



CamScanner

**निर्णय नं. ६**

कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८० को दफा ५ बमोजिम यस गाउँपालिकाको कर्मचारी कल्याण कोषको खाता गाउँपालिका हाता भित्र रहेको हिमालयन बैंकमा कोषको व्यवस्थापन समितिका संयोजक एवं गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा र कोषको सञ्चालक समितिका सदस्य सचिव एवं लेखा अधिकृत श्री गौरव कुमार लामिछानेको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी खोल्ने निर्णय गरियो।

**निर्णय नं. ७**

सञ्जु चौधारी अक्षय कोष स्थापना, सञ्चालन र व्यवस्थापन कार्यविधि, २०८० को दफा ७ (ख) बमोजिम अक्षय कोषको खाता गाउँपालिका हाता भित्र रहेको हिमालयन बैंकमा कोषको सञ्चालक समितिका अध्यक्ष एवं गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा र आर्थिक प्रशासन प्रमुख एवं लेखा अधिकृत श्री गौरव कुमार लामिछानेको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी खोल्ने निर्णय गरियो।

**निर्णय नं. ८**

यस गाउँपालिकाकामा निमार्णाधिन १५ शैयाको राप्ती सोनारी अस्पतालको भुक्तानीका लागि पेश भएको कागजातका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गरेको लामो समयसम्म पनि निकासा प्राप्त नभएकोले यस गाँउपालिकाको धरौटी खातामा रहेको कोषबाट रु १ करोड मात्र सापटी स्वरुप मुल संचित खातामा ट्रान्सफर गरी सम्बन्धित ठेकदार कम्पनीलाई प्रचलित कानूनको अधिनमा रही उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ९**

राप्ती सोनारी अस्पताललाई आवश्यक चिकित्सक संख्या १ (एक) आपूर्ति गराउन नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सकलाई प्रदेश सरकारले उपलब्ध गराउने सेवा सुविधा बाहेक प्रचलित कानूनको अधिनमा रही गाउँपालिकाले प्रदान गर्न मिल्ने सेवा सुविधा उपलब्ध गराउने गरी लुम्बिनी प्रदेश सरकारसंग अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं १०**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समय समयमा स्थानीय तहहरुको काम कारवाहीका सन्दर्भमा दिइएका यस गाँउपालिकालाई प्राप्त सुझावहरू बैठकमा छलफल भई यसको प्रभावकारी कार्यान्वयन गर्न प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो।

**निर्णय नं ११**

यस गाउँपालिकालाई कार्यक्षेत्र बनाई काम गर्ने चाहने तपसीलका गैर सरकारी संस्थाहरुलाई सहमति दिने निर्णय गरियो।

| सि न | संस्थाको नाम | कार्य/विषय क्षेत्र | कैफियत |
|---|---|---|---|
| १. | बेस नेपाल | शिक्षा (५ विद्यालय) | |
| २. | आ एन एफ नेपाल | माजव बेचबिखन नियन्त्रण | |
| ३. | सामुदायिक सशक्तिकरण तथा रुपान्तरण नेपाल बाँके | बादी समुदायका बालबालिकालाई छात्रवृत्ति | |
| ४. | बाँके यूनेस्को क्लब | खानेपानी, विपद् तथा कृषि | |

**निर्णय नं १२**

लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालयको मिति २०८०/४/१७ मा प्रकाशित सूचना अनुसार लक्ष्मी मा. वि. मदुईको नाममा रहेको साविक कचनापुर गा. वि. स. वार्ड ३ मा कभर्ड निर्माण गर्न प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**निर्णय नं १३**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) तपसीलका व्यक्ति तथा संस्थाहरुलाई आर्थिक सहायता गर्ने।

| सि नं | व्यक्ति वा संस्थाको नाम र ठेगाना | सहायता रकम रू. | कैफियत |
|---|---|---|---|
| १. | खेमराज वैश्य राप्ती सोनारी ५ | रू २०,०००/- | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

(ख) राप्ती सोनारी-१ मा आ. व. २०७९/८० मा सञ्चालित वैरिया बजार फिल्ड मर्मत आयोजनाको कार्य सम्पन्न गर्दाका बखत गाउँपालिकाको रोलर अन्यत्र काममा गएका कारण रोलर लगाउन नसकिएको कारण वडा नं. १ को अनुरोधमा पठाइएको रोलर सम्बन्धीको इन्धन खर्च अनुमोदन गर्ने।



CamScanner

(ग) नागरिक आरोग्य केन्द्र ढकेरीमा कार्यरत कविराज अन्जना चौधरी सुत्केरी विदामा बसी सेवाप्रवाह रोकिन गएकोले सो सेवालाई सुचारु गर्न आवश्यक जनशक्ति उपलब्ध गराउन जिल्ला आर्युवेद स्वास्थ्य सेवा केन्द्र बाँकेलाई अनुरोध गर्ने र तहाँ कार्यलयबाट नियमित सेवा प्रदान गर्ने गरी जनशक्ति उपलब्ध हुन नसकेमा २०८० कार्तिक सम्मका लागि ज्यालादारीमा १ एक जना वैद्य (चौथो तह बरावर) नियुक्त गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिनुका साथै निजलाई मासिक रुपमा रु. २५ हजारमा ननाघ्ने गरी सेवा सुविधा उपलब्ध गराउने ।

(घ) गाउँपालिकाको शान्ति सुरक्षालाई मध्यनजर गरी नेपाल प्रहरीसंगको समन्वय तथा सहकार्यमा तपसीलका नाकाहरूमा सि सि क्यामेरा जडान गर्ने प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

१. ढकेरी २. कुसुम ३. कुण्डा ४. शमशेरगंज ५. अगैया ६. धामपुर ७. सोनपुर

(ङ) यस गाउँपालिका वार्ड नं ९ को अनुरोधमा साविक महादेवपरी गा. वि. स. ढकेरीमा रहेको प्रहरी चौकी द्वन्दकालमा विस्थापन भएकोले उक्त प्रहरी चौकी स्थापनाका लागि जिल्ला प्रशासन कार्यालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने ।

(च) महामारीको रुपमा फैलिएको पशु सम्बन्धी रोग लम्पीस्कीनको निदान र रोकथामका लागि आवश्यक औषधी तथा वर्षातको समयमा आउन सक्ने महामारीलाई सम्बोधन गर्न स्वास्थ्य सेवा केन्द्रलाई आवश्यक औषधी बोलपत्रका माध्यमबाट खरिद गर्न समय लाग्ने भएकोले तत्काल केही औषधी खरिद गर्न प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने ।

(छ) यस गाउँपालिकाको विभिन्न वडाहरुमा रहेको धानवालीमा लागेको रोगको निदान र नियन्त्रणका लागि प्राविधिक कर्मचारी यथाशीघ्र खटाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

प्रमाणित

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत